जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९ | जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक ३०९ | २०८३ साल असार ११ गते बिहीवार | Thursday-25-June-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न कलैयामा आकस्मिक ट्राफिक चेकजाँच

शु.आ. सम्बाददाता
बारा, १० असार

बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्दै सडक सुरक्षालाई प्रभावकारी बनाउन ट्राफिक व्यवस्था कार्यालय कलैयाले नेपाल प्रहरी र ट्राफिक प्रहरीसँगको सहकार्यमा बुधबार साँझ विशेष आकस्मिक सवारी चेकजाँच अभियान सञ्चालन गरेको छ।

कलैया-पिलुवा सडकखण्ड अन्तर्गत हनुमान मन्दिर नजिक सञ्चालन गरिएको संयुक्त चेकजाँच अभियान ट्राफिक व्यवस्था कार्यालय कलैयाका कार्यालय प्रमुख चिन्तन आचार्यको नेतृत्वमा सम्पन्न भएको हो । अभियानमा नेपाल प्रहरी, ट्राफिक प्रहरी तथा यातायात व्यवस्था कार्यालय कलैयाका कर्मचारीहरूको समेत सक्रिय सहभागिता रहेको थियो।



चेकजाँचका क्रममा दुई सयभन्दा बढी सवारी साधनलाई रोकी सवारी चालक अनुमतिपत्र (लाइसेन्स), सवारी दर्ता किताब (ब्लुबुक), बीमा, कर तिरेको विवरण तथा सवारी साधनको प्राविधिक अवस्थाको निरीक्षण गरिएको कार्यालयले जनाएको छ।

अभियानका क्रममा अधिकांश चालकलाई ट्राफिक नियमको पालना गर्न सचेतना दिँदै सामान्य त्रुटिमा सम्झाइ-बुझाइ गरेर छाडिएको थियो भने नियम उल्लंघन गर्ने ११ वटा सवारी साधनलाई कारबाही गरिएको छ । कारबाहीबाट करिब ६ हजार रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख चिन्तन आचार्यले जानकारी दिए । आचार्यका अनुसार पछिल्लो समय तीव्र गति, हेल्मेट तथा सिटबेल्ट प्रयोगमा लापरवाही, मादक पदार्थ सेवन गरी सवारी चलाउने प्रवृत्ति र आवश्यक कागजात बिना सवारी सञ्चालन गर्ने क्रम बढ्दै गएकोले दुर्घटना न्यूनीकरणका लागि नियमित निगरानी तथा आकस्मिक चेकजाँचलाई तीव्र पारिएको हो।

"सडक दुर्घटना न्यूनीकरणका लागि कारबाही मात्र होइन, जनचेतना पनि उत्तिकै आवश्यक छ," उनले भने, "सवारी चालकले नियम पालना गरे दुर्घटनाको जोखिम धेरै हदसम्म कम गर्न सकिन्छ।"

चेकजाँच अभियानमा यातायात व्यवस्था कार्यालय कलैया बाराका लेखा प्रमुख रघुनन्दन यादव, इन्जिनियर, प्रशासन शाखाका कर्मचारी, नायब सुब्बा लगायतको उपस्थिति रहेको थियो।

स्थानीयवासीहरूले पनि बजार क्षेत्र तथा व्यस्त सडकखण्डमा यस्ता नियमित चेकजाँच अभियान सञ्चालन गर्नुपर्ने बताएका छन् । उनीहरूका अनुसार साँझपख तीव्र गतिमा सवारी चलाउने तथा ट्राफिक नियम उल्लंघन गर्ने प्रवृत्ति बढ्दै गएकाले दुर्घटनाको जोखिम समेत बढिरहेको छ।

ट्राफिक व्यवस्था कार्यालयले आगामी दिनमा विद्यालय, बजार क्षेत्र तथा ग्रामीण सडकखण्डमा समेत संयुक्त सचेतना तथा अनुगमन अभियानलाई निरन्तरता दिने जनाएको छ।

## कृषि र पुर्वाधार समृद्ध कलैयाको आधार : १७ औं नगरसभा सम्पन्न

*शु.आ. सम्बाददाता*
*कलैया, १० असार*

"कृषि र पूर्वाधार समृद्ध कलैयाको आधार" भन्ने मूल नारासहित कलैया उपमहानगरपालिकाको १७ औँ नगरसभा अधिवेशन सम्पन्न भएको छ। सर्बोतम होटल कलैया बारामा आयोजित अधिवेशनमा नगरप्रमुख बिनोद प्रसाद साहको अध्यक्षता रहेको थियो भने विशिष्ट अतिथिका रूपमा रोशन प्रविणको उपस्थिति रहेको थियो । नगरसभामा प्रमुख प्रशासकीय अधिकृत रेशम लाल कंडेल, सम्पूर्ण वडाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, शाखा प्रमुखहरू, कर्मचारी तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रमको सञ्चालन जिन्सी शाखा प्रमुख नवरत्न अधिकारीले गरेका थिए।



नगरसभामा नगरप्रमुख बिनोद प्रसाद साहले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दै कृषि, सडक पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइ तथा रोजगारमुखी योजनालाई प्राथमिकतामा राखिएको बताए। उनले कलैयालाई आधुनिक, व्यवस्थित र आर्थिक रूपमा सबल नगरको रूपमा विकास गर्ने लक्ष्यसहित योजना अघि बढाइएको उल्लेख गरे। त्यसैगरी प्रमुख प्रशासकीय अधिकृत रेशम लाल कंडेलले आगामी आर्थिक वर्षका लागि प्रस्तावित बजेट प्रस्तुत गरेका थिए। प्रस्तुत विवरणअनुसार कलैया उपमहानगरपालिकाले आर्थिक वर्ष २०८३/०८४ का लागि कुल १ अर्ब ७६ करोड ६३ लाख रुपैयाँभन्दा बढीको बजेट प्रस्ताव गरेको छ।

प्रस्तावित बजेटमा संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान, शर्त अनुदान, विशेष अनुदान तथा समपूरक अनुदानलाई प्रमुख आय स्रोतको रूपमा समेटिएको छ। त्यसैगरी प्रदेश सरकारतर्फबाट प्राप्त हुने विभिन्न अनुदान, राजस्व बाँडफाँड, स्थानीय राजस्व तथा आन्तरिक आयलाई पनि बजेटको आधार बनाइएको छ।

खर्चतर्फ चालु खर्चका लागि ठूलो हिस्सा विनियोजन गरिएको छ भने पूर्वाधार विकास, कार्यालय भवन, सडक, नाला, कृषि प्रवर्द्धन तथा नगरस्तरीय योजनाका लागि पूँजीगत बजेट छुट्याइएको छ। नगरपालिकाले

बाँकी तेश्रो पृष्ठमा

## आदर्श कोतवाल गाउँपालिकाको १६ औं गाउँसभा सम्पन्न, प्रमुख प्रशासकीय अधिकृत चौरसियाको कार्यशैलीको प्रशंसा

*बारा, १० असार*

बाराको आदर्श कोतवाल गाउँपालिकाको १६ औं गाउँसभा भव्य रूपमा सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष जवाहर प्रसाद साहको अध्यक्षतामा तथा गाउँपालिका उपाध्यक्ष मिरा देवीको सहकार्यमा सम्पन्न गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरिएको हो । गाउँसभामा गाउँपालिका अध्यक्ष साहले नै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा अनुमानित आय-व्यय विवरण प्रस्तुत गरेका थिए । प्रस्तुत बजेटअनुसार गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि ४१ करोड ३३ लाख ६३ हजार रुपैयाँ बराबरको बजेट ल्याएको छ । बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार विकास, खानेपानी, सामाजिक सुरक्षा, रोजगार तथा सुशासनलाई प्राथमिकतामा राखिएको जनाइएको छ ।



गाउँसभामा प्रमुख प्रशासकीय अधिकृत विजय चौरसियाको कार्यसम्पादन, प्रशासनिक दक्षता तथा समन्वयकारी भूमिकाको विशेष प्रशंसा गरिएको थियो । गाउँपालिका अध्यक्ष जवाहर प्रसाद साहसहित विभिन्न जनप्रतिनिधिहरुले चौरसियाले गाउँपालिकामा पारदर्शी प्रशासन, प्रभावकारी सेवा प्रवाह तथा योजनाको कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको बताएका थिए । वक्ताहरूले सीमित स्रोत-साधनका बीच पनि प्रमुख प्रशासकीय अधिकृत चौरसियाले कर्मचारी व्यवस्थापन, आर्थिक अनुशासन तथा विकास योजनालाई प्रभावकारी ढंगले अघि बढाउन सफल भएको उल्लेख गरेका थिए । गाउँपालिकामा सेवा प्रवाहलाई छिटो, सहज र नागरिकमैत्री बनाउन उनले खेलेको भूमिकाको समेत खुलेर प्रशंसा गरिएको थियो ।

गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रममा स्थानीय उत्पादन वृद्धि, कृषिको आधुनिकीकरण, शिक्षा तथा स्वास्थ्य क्षेत्रको सुधार, सडक तथा ढल निर्माण, युवालाई स्वरोजगारमुखी बनाउने कार्यक्रमलाई प्राथमिकतामा राखिएको छ । त्यस्तै विपन्न, दलित, महिला, ज्येष्ठ नागरिक तथा पिछडिएका समुदायलाई लक्षित कार्यक्रमसमेत समावेश गरिएको गाउँपालिकाले जनाएको छ ।

कार्यक्रममा सम्पूर्ण वडाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरू, सुरक्षाकर्मी, राजनीतिक दलका प्रतिनिधि तथा सञ्चारकर्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन वडा नं. ८ का वडा सचिव रामएकवाल यादवले गरेका थिए भने प्रमुख प्रशासकीय अधिकृत विजय चौरसियाले स्वागत मन्तव्य व्यक्त गरेका थिए ।

स्वागत मन्तव्यका क्रममा चौरसियाले

बाँकी तेश्रो पृष्ठमा

## बारामा फुजि स्याउ तस्करी मौलाउँदै ,१२ कार्टुन अवैध स्याउ बरामद, खुला सीमाको दुरूपयोग बढ्दो

*शु.आ. सम्बाददाता*
*बारा, १० असार*

बाराको सीमावर्ती क्षेत्रमा तस्करी नियन्त्रणका सरकारी दाबीबीच भारतबाट अवैध रूपमा फलफूल भित्र्याउने कार्य अझै निर्बाध रूपमा जारी रहेको तथ्य फेरि उजागर भएको छ। जिल्ला प्रहरी कार्यालय बाराले सुवर्ण गाउँपालिका-४ हरैया क्षेत्रमा छापा मारेर १२ कार्टुन फुजि स्याउ बरामद गरेपछि सीमावर्ती नाकाबाट दैनिक रूपमा भइरहेको तस्करी गतिविधि पुनः चर्चामा आएको हो।



प्रहरीका अनुसार विशेष सूचनाको आधारमा प्रहरी नायब निरीक्षक राम विष्णु यादवको नेतृत्वमा खटिएको टोलीले स्थानीय चन्दन कुमार साहको घरमा छापा मारेको थियो। छापामार कारबाहीका क्रममा भारतबाट चोरी-पैठारी गरी ल्याइएको आशंकामा १२ कार्टुन फुजि स्याउ फेला परेको प्रहरीले जनाएको छ। बरामद गरिएको स्याउ आवश्यक कारबाहीका लागि वीरगञ्ज भन्सार कार्यालय पठाइएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको भए पनि सीमावर्ती क्षेत्रमा हुने यस्ता गतिविधिले सुरक्षा संयन्त्र र भन्सार निगरानीमाथि गम्भीर प्रश्न उठाएको छ।

स्थानीयका अनुसार बारा-पर्सा सीमावर्ती क्षेत्रमा दैनिक रूपमा भारतबाट फलफूल, तरकारी, किराना तथा अन्य उपभोग्य सामग्री अवैध रूपमा नेपाल भित्रिने क्रम बढ्दो छ। खुला सीमाको फाइदा उठाउँदै तस्कर समूहले रातिको समयमा मात्रै होइन, दिनदहाडै समेत सामान ओसारपसार गर्ने गरेको आरोप स्थानीय व्यापारीहरूको छ।

व्यवसायीहरूका अनुसार भन्सार छली गरेर ल्याइने सामानका कारण राज्यले राजस्व गुमाइरहेको मात्रै होइन, वैधानिक रूपमा कर तिरेर व्यापार गर्ने व्यवसायीसमेत प्रत्यक्ष मारमा परिरहेका छन्। बजारमा अवैध रूपमा ल्याइएका सस्ता सामग्री छ्याप्छ्याप्ती हुँदा स्थानीय व्यवसाय धराशायी बन्न थालेको उनीहरूको गुनासो छ।

सुरक्षा निकायले बेला-बेलामा सानो परिमाणमा सामान बरामद गरे पनि मुख्य तस्करी सञ्जालसम्म पुग्न नसक्दा नियन्त्रण अभियान प्रभावकारी बन्न नसकेको स्थानीयको आरोप छ । सीमावर्ती क्षेत्रमा हुने अवैध कारोबारमा संगठित समूह सक्रिय रहेको र उनीहरूलाई राजनीतिक तथा प्रशासनिक संरक्षणसमेत हुने गरेको आशंका स्थानीयवासीले व्यक्त गरेका छन् । प्रहरीले पछिल्लो समय सीमा क्षेत्रमा गस्ती तथा निगरानी बढाइएको दाबी गरे पनि बरामद घटनाहरूले तस्करी गतिविधि अझै रोकिएको छैन भन्ने स्पष्ट संकेत गरेको छ। स्थानीय सरोकारवालाले सीमावर्ती क्षेत्रमा कडा निगरानी, प्रभावकारी भन्सार नियन्त्रण तथा तस्करीमा संलग्न मुख्य गिरोहविरुद्ध कठोर कारबाहीको माग गरेका छन् ।

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम बिहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुबे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

# पचरौता प्रकरण : कमजोर बन्दै गएको प्रशासनिक अनुशासन

स्थानीय तहलाई संविधानले अधिकार सम्पन्न बनाएको छ । जनतासँग प्रत्यक्ष जोडिएको सरकारका रुपमा स्थानीय तहले विकास, सेवा प्रवाह र सुशासनको नेतृत्व गर्नुपर्ने अपेक्षा गरिएको हुन्छ । तर अधिकारसँगै जिम्मेवारी, पारदर्शिता र कानुनी अनुशासन पनि उत्तिकै आवश्यक हुन्छ । बारा जिल्लाको पचरौता नगरपालिकामा देखिएको पछिल्लो अवस्था भने यी आधारभूत मान्यतामाथि नै प्रश्न उठाउने खालको बनेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपसचिव श्रीधर पन्थीलाई प्रमुख प्रशासकीय अधिकृतका रुपमा खटाएको महिनौं बितिसक्दा पनि उनी हालसम्म हाजिर हुन नसक्नु सामान्य विषय होइन । संघीय सरकारले गरेको निर्णय स्थानीय तहमा कार्यान्वयन हुन नसक्नुले प्रशासनिक संरचनामाथि नै प्रश्न उठाएको छ । यदि मन्त्रालयले पठाएको कर्मचारीलाई जिम्मेवारी सम्हाल्न नदिने अवस्था सिर्जना हुन्छ भने त्यसले राज्य प्रणालीभित्रको असन्तुलन र प्रभावको राजनीति उजागर गर्छ ।

प्रमुख प्रशासकीय अधिकृत स्थानीय तहको प्रशासनिक नेतृत्व हो । उनी कानुन, बजेट, योजना तथा निर्णय कार्यान्वयनको मुख्य जिम्मेवार अधिकारी मानिन्छन् । यस्तो पद लामो समयसम्म निमित्तको भरमा सञ्चालन हुनु आफैंमा राम्रो संकेत होइन । अझ त्यही अवधिमा महालेखा परीक्षकको प्रतिवेदनमार्फत आर्थिक अनियमितताको विषय सार्वजनिक हुनु थप गम्भीर पक्ष हो ।

पचरौता नगरपालिकाले आफ्नो क्षेत्राधिकारभन्दा बाहिर गई अन्य सरकारी कार्यालयका लागि लाखौं रूपैयाँ खर्च गरेको तथ्य महालेखाले औंल्याएको छ । स्थानीय तहको बजेट स्थानीय आवश्यकता, विकास र सेवा प्रवाहमा केन्द्रित हुनुपर्नेमा अन्य कार्यालयका लागि खर्च गर्नु वित्तीय अनुशासनको उल्लंघन हो । यसले योजना छनोट, प्राथमिकता निर्धारण र बजेट प्रयोग प्रक्रियामाथि प्रश्न उठाउँछ ।

स्थानीय तहमा राजनीतिक हस्तक्षेप र प्रशासनिक दबाब बढ्दै जाँदा सुशासन कमजोर हुने खतरा बढेको छ । यदि संघीय सरकारले खटाएको कर्मचारीलाई काम गर्न नदिने र निमित्त प्रशासनलाई निरन्तरता दिने प्रवृत्ति मौलाउँछ भने त्यसले स्थानीय शासन प्रणालीलाई थप अस्थिर बनाउनेछ । अब सम्बन्धित निकाय मौन बस्ने अवस्था छैन । संघीय मन्त्रालयले आफ्नो निर्णय कार्यान्वयन गराउन दृढता देखाउनुपर्छ । साथै महालेखाले औंल्याएका विषयमा निष्पक्ष अनुसन्धान गरी दोषीमाथि कारबाही गर्नुपर्छ । स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने नाममा कानुनी अनुशासन कमजोर पार्ने छुट कसैलाई पनि हुन सक्दैन ।

सुशासनको आधार कानुनको सम्मान र जिम्मेवारीपूर्ण प्रशासन हो । पचरौता प्रकरणले यही आधार कमजोर बन्दै गएको संकेत गरेको छ ।

# रास्वपा महाधिवेशनको सन्देश के ?



राजेश विद्रोही

चितवन महाधिवेशन रास्वपाका लागि संगठनात्मक कार्यक्रममात्र होइन, जनविश्वासको परीक्षा पनि हो ।

नेपालको राजनीतिक इतिहासमा पछिल्लो समय सबैभन्दा बढी चर्चा र बहसको केन्द्रमा रहेको राजनीतिक शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नै हो । त्यसैले रास्वपा र रास्वपा नेतृत्वको सरकारलाई हरेक शक्तिले उनका गतिविधि नजिकबाट नियालिरहेका छन् । जो स्वाभाविक छ । २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय राजनीतिमा उदाएको रास्वपाले छोटो अवधिमै उल्लेखनीय जनसमर्थन प्राप्त गर्दै नेपाली राजनीतिमा नयाँ सम्भावनाको ढोका खोलेको छ ।

यही पृष्ठभूमिमा चितवनमा सम्पन्न रास्वपाको पहिलो महाधिवेशनलाई दलको नियमित संगठनात्मक कार्यक्रममात्र नभई वैकल्पिक राजनीतिक शक्तिको भविष्य, जनअपेक्षा र नयाँ राजनीतिक संस्कृतिको परीक्षणका रूपमा समेत हेरिएको छ । यतिसम्म कि रास्वपा साँच्चिकै नयाँ राजनीतिक शक्ति बन्छ या परम्परागत दलहरूकै कित्तामा फेरि पनि एक थान बनेर उभिन्छ भनेर पनि नजिकबाट आमरूपमा नजर लगाइरहेको छ ।

महाधिवेशनप्रति बढेको चासो : असार ७ गतेदेखि सुरु भएको महाधिवेशन प्रतिनिधि चयनसम्बन्धी विवादका कारण निर्धारित समयभन्दा एक दिन लम्बिएर असार १० गते सम्पन्न भयो । यस महाधिवेशनबाट तय हुने पार्टीको भावी राजनीतिक कार्यदिशा, नीति तथा कार्यक्रमप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमै चासो बढेको छ । किनभने पछिल्लो समय मुलुकमा तेस्रो राजनीतिक ध्रुवको नेतृत्वकर्ता शक्तिका रूपमा उदाएको रास्वपाको रणनीति र दिशाले विशेष महत्व राख्छ ।

जनताले पुराना राजनीतिक दलप्रति बढ्दो असन्तुष्टिका कारण रास्वपालाई वैकल्पिक शक्तिका रूपमा समर्थन गरेका हुन् । त्यसैले यस महाधिवेशनले भनेको जस्तै आधारभूत रूपमा जनअपेक्षालाई कति सम्बोधन गर्छ भन्ने विषय विशेष चासोको केन्द्रमा रहने देखिन्छ । किनभने जनता आदर्शको भोकी छैन, व्यवहारको भोका छन् । तडकभडकले उठाएका प्रश्न : महाधिवेशनका प्रारम्भिक गतिविधिले भने अपेक्षाअनुसार सकारात्मक सन्देश दिन सकेको देखिँदैन । विगतमा नेपाली कांग्रेस, नेकपा एमालेलगायत दलहरूले महाधिवेशनका क्रममा देखाउने तडकभडक र महँगो व्यवस्थापनको आलोचना गर्दै आएको रास्वपाले स्वयं पनि ठूलो आर्थिक खर्चसहित भव्य कार्यक्रम आयोजना गरेको देखियो । करोडौं रुपैयाँ खर्च गरेर सम्पन्न गरिएको यस्तो महाधिवेशन कति आवश्यक थियो र कुन वर्गको प्रतिनिधित्व गरेको थियो भन्ने प्रश्न उठ्नु स्वाभाविक छ । रास्वपाले मुख्यत: सहरी मतदाताबाट पाएको समर्थनलाई ध्यानमा राख्दै आफ्नो वर्गीय चरित्र प्रस्तुत गरेको आभास पनि भएको छ । र, गाउँलाई छोडेको छ । यो प्रवृत्तिले गाउँका विपन्न र सीमान्तकृत समुदायका मुद्दाहरू अपेक्षाकृत ओझेलमा परेको देखिन्छ ।

यदि महाधिवेशनमा खर्च गरिएको स्रोतको केही हिस्सा दलसँग आबद्ध समाजसेवी तथा नागरिक अभियन्तामार्फत सामाजिक सेवामा परिचालन गरिएको भए वा मधेसका दलित मुसहर बस्ती, सुकुम्बासी तथा चरम गरिबीमा रहेका समुदायको जीवनमा दीर्घकालीन राहत पुग्नेगरी पुनर्स्थापनामा खर्च गरिएको भए नयाँ राजनीतिक संस्कारको सकारात्मक सन्देश जान्थ्यो । तर रास्वपाको ध्यान त्यसतर्फ देखिएन । पार्टीको सांगठनिक ढाँचामा प्रवेश र प्रतिनिधि तथा चुनावी उमेदवारी शुल्क हेर्दा पुरानो दलभन्दा झन् महँगो पार्टीको रूपमा स्थापित हुने डर छ ।

लोकतन्त्रको वास्तविक सार चुनाव जित्नुमात्र होइन, जनविश्वासलाई निरन्तर कायम राख्नु र नागरिकको आधारभूत जीवनमा सकारात्मक परिवर्तन ल्याउनु पनि हो । अब यही जिम्मेवारी रास्वपासहित सम्पूर्ण नयाँ पुरानो सबै राजनीतिक दलहरूको काँधमा आएको छ ।

जनअसन्तुष्टिको जगमा उदाएको शक्ति : नेपालको राजनीतिक इतिहासलाई नियाल्दा हरेक परिवर्तनपछि नयाँ शक्तिको उदय भएको पाइन्छ । २००७ सालपछि नेपाली कांग्रेस, २०४६ पछि वाम शक्तिहरू तथा २०६२/०६३ को जनआन्दोलनपछि तत्कालीन माओवादी शक्तिको उदय भएको थियो । तर प्रत्येक परिवर्तनसँगै जागेको जनआशा क्रमश: निराशामा रूपान्तरण भएको इतिहास पनि छ । पछिल्ला तीन दशकमा सरकार परिवर्तनको क्रम तीव्र रह्यो । राजनीतिक अस्थिरता, सत्ता साझेदारीको अस्वस्थ अभ्यास, भ्रष्टाचार, भागबन्डा र सुशासनको अभावले आम नागरिकमा राजनीतिक प्रणालीप्रति वितृष्णा बढ्दै गयो । यतिसम्म कि सुसाइड गर्ने अवस्थामै पुग्यो देश र हरेक नागरिकको तनाव । यही असन्तुष्टिको पृष्ठभूमिमा रास्वपाको उदय भएको हो ।

२०७९ को प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले प्रत्यक्षतर्फ ७ र समानुपातिकतर्फ १३ गरी कुल २० सिट जित्दै संसद्को चौथो ठूलो दल बन्न सफल भयो । स्थापना भएको छोटो समयमै यस्तो सफलता प्राप्त गर्नु नेपाली राजनीतिक इतिहासकै एउटा असाधारण घटनाको रूपमा छन् । किनभने अरू राजनीतिक दलहरू सत्ता सरकार प्राप्तिका लागि विभिन्न किसिमको संघर्ष गरे । राजनीतिक योगदान र बलिदान दिए । तर रास्वपा त्यसको ठिक विपरीत दिशाबाट आए । बिना राजनीतिक संघर्ष, योगदान र बलिदान युग सापेक्ष लोकप्रियता तथा समाजिक सञ्जालको जगबाट उदाए । त्यसैले रास्वपा सत्ता सरकार प्राप्त गरेर आफ्ना राजनीतिक संघर्ष र अनुभवको थालनी गरेको छ ।

आन्तरिक लोकतन्त्रको परीक्षा : नेपालका अधिकांश दलहरूमा नेतृत्व हस्तान्तरणको समस्या र पार्टीभित्रको गुट उपगुट तथा विभाजन पुरानै रोग हो । किनभने नेतृत्व सीमित समूह र वर्गमा केन्द्रित हुँदा दलभित्र लोकतान्त्रिक अभ्यास कमजोर बनेको आलोचना हुँदै आएको छ । यदि रास्वपाले आफूलाई वैकल्पिक शक्ति प्रमाणित गर्न चाहन्छ भने नेतृत्व चयन, नीति निर्माण र संगठन सञ्चालनमा मुलुक सुहाउँदो लोकतान्त्रिक समावेशी अभ्यासलाई संस्थागत गर्नुपर्छ । महाधिवेशनका क्रममा प्रतिनिधि छनोटसम्बन्धी देखिएका विवादहरूले पार्टीभित्र आन्तरिक लोकतन्त्र अझै सुदृढ गर्नुपर्ने आवश्यकता औंल्याएका छन् ।

सुशासन र पारदर्शिताको चुनौती : जनताले रास्वपाबाट सुशासन, पारदर्शिता, आत्मनिर्भर अर्थतन्त्र र समाजिक न्यायसहित भ्रष्टाचारविरुद्ध कठोर प्रतिबद्धताको अपेक्षा गरेका छन् । निर्वाचन अभियानका क्रममा रास्वपाले भ्रष्टाचारप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्ने प्रतिबद्धता पनि जनाएको थियो । तर ऋण बोकेर फेरि पनि ऋणको सुरुवात भएको छ ।

यसरी केवल नाराले मात्र पुग्दैन । पार्टीको आर्थिक स्रोत, उम्मेदवार छनोट प्रक्रिया, संगठन विस्तार र सार्वजनिक निर्णय प्रक्रियामा पारदर्शिता कायम गर्न सके मात्र उसले आफूलाई फरक सावित गर्न सक्छ । तर रास्वपा महँगो दलको रूपमा देखिन थालेको छ । जहाँ केवल आधारभूत नागरिक भोट बैंकको रूपमा मात्र देखिनेछ । तर नेतृत्वदायी भूमिकामा देखिने छैन । त्यसैले पछिल्लो समय पार्टीका गतिविधि हेर्दा सबैभन्दा महँगो राजनीतिक दलको छवि बन्न थालेको आलोचना सुनिन थालेको छ ।

स्पष्ट वैचारिक दिशाको आवश्यकता : नेपालको राजनीतिक इतिहासमा केवल विरोधको राजनीतिले दीर्घकालीन सफलता प्राप्त गरेको उदाहरण कमै छ । त्यसैले आत्मनिर्भर आर्थिक विकास, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, संघीयता, समावेशिता, सामाजिक न्याय तथा विदेश नीतिजस्ता विषयमा स्पष्ट दृष्टिकोण प्रस्तुत गर्नु रास्वपाका लागि अपरिहार्य छ । विशेषगरी संघीयता, समावेशिता र सामाजिक न्यायको प्रश्नमा रास्वपाको धारणा अझ स्पष्ट हुन आवश्यक देखिन्छ ।

महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम तथा पिछडिएका समुदायको समान प्रतिनिधित्व सुनिश्चित गर्न पार्टीले विशेष ध्यान दिनुपर्छ । केवल भोटका लागि जातीय क्षेत्रीय संगठनको ट्याग लगाएर फेरि पनि दलितलाई दलित, मधेसीलाई मधेसी, थारूलाई थारू, मुस्लिमलाई मुस्लिम, महिलालाई महिला, आदिवासी जनजातिलाई आदिवासी, जनजाति, किसानलाई किसान बनाएर दोहण शोषण गर्ने भोट बैंकको रूपमा होइन्, आजको युगको दस्ता बनाउन सक्नुपर्छ । यसर्थ, रास्वपा वास्तवमै नयाँ राजनीतिक शक्ति हो भने समावेशी नेतृत्व विकास र स्वीकारोक्तिमा उसको प्रतिबद्धता व्यवहारमा देखिनुपर्छ ।

युवा आशा र राजनीतिक भविष्य : युवा पुस्ताको ठूलो हिस्सा रास्वपाप्रति आकर्षित भएको देखिन्छ । यतिसम्म कि जसले जति भ्रम छरे पनि एक चरण विगतमा जस्तै दलहरूले पाएको जनसमर्थन पाउँदै जाने देखिन्छ । यसको प्रमुख कारण पुरानो दल र नेतृत्वप्रतिको असन्तुष्टि, अवसरको अभाव, विदेश पलायन र चरम रूपमा देखिएको बेथिति भ्रष्टाचारको बाध्यता नै हो । त्यसैले जेन–जी नयाँ युवा पुस्ताले नयाँ अनुहारमात्र होइन, नयाँ कार्यशैली पनि खोजिरहेका छन् । परिणाममुखी र आत्मनिर्भर शासन, डिजिटल प्रणाली, छिटो सेवा प्रवाह र योग्यता आधारित अवसरलाई व्यवहारमा उतार्न सके रास्वपाले युवा समर्थनलाई अझ सुदृढ बनाउन सक्छ । अन्यथा, आशा निराशामा बदलिन धेरै समय लाग्ने छैन । यसर्थ, चितवन महाधिवेशन रास्वपाका लागि संगठनात्मक कार्यक्रममात्र होइन्, जनविश्वासको परीक्षा पनि हो । जनताको चाहना स्पष्ट छ- स्वच्छ राजनीति, समाजिक न्याय, पारदर्शी नेतृत्व, सुशासन, आत्मनिर्भर अर्थतन्त्र, आन्तरिक लोकतन्त्र, समावेशी प्रतिनिधित्व र परिणाममुखी शासन । रास्वपाले यी अपेक्षालाई व्यवहारमा उतार्न सके नेपाली राजनीतिमा दीर्घकालीन वैकल्पिक शक्तिका रूपमा स्थापित हुन सक्छ ।

अन्यथा, पुरानै राजनीतिक संस्कार, गुटबन्दी, व्यक्तिवाद, लोकप्रियतावाद र शक्ति संघर्षको सिकार बनेर नेपालको राजनीतिक इतिहासमा उदाएर हराएका अन्य दलहरूको सूचीमा सीमित हुने खतरा उत्तिकै रहन्छ । त्यसैले, लोकतन्त्रको वास्तविक सार चुनाव जित्नुमात्र होइन, जनविश्वासलाई निरन्तर कायम राख्नु र नागरिकको आधारभूत जीवनमा सकारात्मक परिवर्तन ल्याउनु पनि हो । अब यही जिम्मेवारी रास्वपासहित सम्पूर्ण राजनीतिक दलहरूको काँधमा आएको छ ।




## अन्तराष्ट्रिय समाचार

# इरानी आणविक केन्द्रमा फेरि आईएईए निरीक्षण हुने संकेत

***टोकियो-*** संयुक्त राष्ट्रसङ्घअन्तर्गतको अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सी (आईएईए) का महानिर्देशक राफेल मारियानो ग्रोसी ले इरानका आणविक संवर्द्धन केन्द्रहरूमा आईएईएका निरीक्षकहरूले पुनः पहुँच पाउने सङ्केत गरेका छन् । अमेरिका र इरानबीच हालै भएको अन्तरिम समझदारीअनुसार ती केन्द्रहरूको निरीक्षण हुने सम्भावना बढेको उनले बताउएका हुन् ।



जापानस्थित फुकुसिमा दाइची आणविक ऊर्जा केन्द्र को भ्रमणका क्रममा पत्रकारहरूसँग कुरा गर्दै ग्रोसीले अमेरिका र इरानबीच निरीक्षणसम्बन्धी देखिएका परस्परविरोधी अभिव्यक्तिलाई 'शब्दहरूको युद्ध' को संज्ञा दिए। उनका अनुसार दुवै देशका राष्ट्रपतिले अनुमोदन गरेको समझदारीपत्रमा आईएईएको निरीक्षण स्पष्ट रूपमा समावेश गरिएको छ।

ग्रोसीले आणविक सामग्री तथा सम्बन्धित गतिविधिमाथि आईएईएको निगरानी रहने सहमति भएको उल्लेख गर्दै निरीक्षण कहिले सुरु हुन्छ भन्ने विषयभन्दा पनि अन्ततः निरीक्षण हुने तथ्य महत्त्वपूर्ण रहेको बताए ।

हालै भएको अन्तरिम सम्झौताअनुसार इरानले उच्च स्तरमा संवर्धित युरेनियमको भण्डार घटाउने प्रतिबद्धता जनाएको छ। उक्त प्रक्रिया प्रभावकारी रूपमा कार्यान्वयन गर्न आईएईएको निरीक्षणलाई निर्णायक मानिएको छ ।

सन् २०२५ मा इजरायल र इरानबीच १२ दिनसम्म चलेको युद्धपछि तेहरानले आईएईएलाई मुख्य संवर्द्धन केन्द्रहरूमा प्रवेश दिएको छैन । पश्चिमी मुलुकहरूले ती केन्द्रहरूमा आणविक हतियार निर्माणका लागि पर्याप्त मात्रामा समृद्ध युरेनियम भण्डारण गरिएको आशङ्का व्यक्त गर्दै आएका छन् ।

इरानले भने आफ्नो आणविक कार्यक्रम पूर्ण रूपमा शान्तिपूर्ण उद्देश्यका लागि रहेको दाबी गर्दै आएको छ। यद्यपि, आणविक हतियार निर्माण कार्यक्रम नभएको दाबी गर्ने मुलुकहरूमध्ये ६० प्रतिशतसम्म युरेनियम संवर्द्धन गर्ने एकमात्र राष्ट्र इरान रहेको उल्लेख गरिन्छ ।

मङ्गलबार निरीक्षणको विषयमा दुवै पक्षका अधिकारीहरूले फरक धारणा सार्वजनिक गरेका थिए । इरानका विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाई ले गत वर्ष अमेरिकी आक्रमणमा प्रभावित आणविक केन्द्रहरूको निरीक्षण गर्ने कुनै कार्यक्रम नरहेको बताएका थिए ।

युद्धपछि बुसेहर आणविक ऊर्जा केन्द्र लगायत केही स्थलमा आईएईएलाई सीमित पहुँच दिइए पनि मुख्य संवर्द्धन केन्द्रहरूमा निरीक्षण गर्न नपाउँदा इरानको युरेनियम भण्डारको वास्तविक अवस्था अझै स्पष्ट हुन सकेको छैन। युरेनियम संवर्द्धनमा प्रयोग हुने सेन्ट्रिफ्युजहरूको अवस्था मूल्याङ्कन गर्न पनि आईएईए असमर्थ रहेको जनाएको छ ।

आईएईए र इरान दुवैले हाल नयाँ संवर्द्धन गतिविधि नभएको बताएका छन्। तर केही अप्रसार विशेषज्ञहरूले इरानले आफ्नो युरेनियम भण्डार अघोषित स्थानमा सारेको हुन सक्ने आशङ्का व्यक्त गरेका छन् ।

गत साता भएको अमेरिका-इरान सम्झौताअनुसार तेहरानले समृद्ध युरेनियमको भण्डार घटाउने तथा इरानी तेलमाथिका अमेरिकी प्रतिबन्धहरू खुकुलो बनाउने सहमति भएको छ। थप व्यापक समझदारीमा पुग्न दुवै पक्षलाई ६० दिनको समय दिइएको छ ।

यसैबीच, लेबनान मा इजरायल र इरान समर्थित हिजबुल्लाह बीचको तनावले युद्धविरामलाई चुनौती दिइरहेको छ। मङ्गलबार केही हिंसात्मक घटना भए पनि अवस्था थप जटिल नबनेको जनाइएको छ ।

उता अमेरिकी विदेशमन्त्री मार्को रुबियो तीन राष्ट्रको भ्रमणका क्रममा पर्सियन खाडी क्षेत्रमा पुगेका छन् । उनले अबुधाबी मा मोहम्मद बिन जायद अल नाह्यान सँग भेटवार्ता गरेका छन् भने त्यसपछि कुवेत र बहराइन भ्रमण गर्ने कार्यक्रम रहेको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ ।

## आदर्श..............

गाउँपालिकाको समग्र विकासका लागि जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज तथा स्थानीयवासीबीच सहकार्य आवश्यक रहेको बताए । उनले पारदर्शिता, जवाफदेहिता र जनमुखी प्रशासनमार्फत गाउँपालिकालाई नमुना स्थानीय तहका रूपमा विकास गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

गाउँसभा समापन गर्दै अध्यक्ष साहले गाउँपालिकाको समृद्धि, सुशासन र दिगो विकासका लागि सबै पक्षको साथ र सहयोग अपरिहार्य रहेको उल्लेख गर्दै आगामी वर्षमा जनताको अपेक्षा अनुरूप परिणाममुखी काम गरिने विश्वास व्यक्त गरे ।

## कलैया.......

शिक्षा, स्वास्थ्य, कृषि आधुनिकीकरण, सिंचाइ, युवा स्वरोजगार, महिला सशक्तीकरण तथा विपद् व्यवस्थापनलाई समेत प्राथमिकतामा राखेको जनाएको छ । नगरसभामा सहभागी वडा अध्यक्षहरूले आ-आफ्ना वडाको आवश्यकता र विकास योजनाबारे धारणा राखेका थिए । अधिकांश जनप्रतिनिधिले बजेटलाई जनमुखी र विकास केन्द्रित बनाइएको प्रतिक्रिया दिएका थिए ।

कार्यक्रममा बोल्दै नगरप्रमुख साहले कलैया उपमहानगरपालिकालाई कृषि उत्पादन, पूर्वाधार विस्तार र सुशासनको माध्यमबाट समृद्ध नगर बनाउने प्रतिबद्धता व्यक्त गरे। उनले बजेट कार्यान्वयनमा पारदर्शिता, जनसहभागिता र प्रभावकारितामा विशेष ध्यान दिइने बताए।

नगरसभाले प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमाथि छलफल गरी आवश्यक सुझावसहित आगामी प्रक्रियामा अघि बढाउने निर्णय समेत गरेको जनाइएको छ।


नेपाल सरकार
भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
भुमि प्रशसन कार्यालय
बारा कलैया
(भुमि प्रशासन शाखा )

भूमि प्रशासन कार्यालय, कलैया बाराबाट जारी भएको बारा जि. साविक गा.वि.स. कवहीगोठ वडा नं. ९ हाल परिवर्तित सुवर्ण गा.पा. वडा नं. २ बस्ने संझरिया अहिरीन, विरेन्द्र प्रसाद यादव र धुरेन्द्र यादव का नाउँको उपस्थित हुन आउने बारेको ७ (सात) दिने सूचना म्याद ।

यस कार्यालयबाट कार्यवाही चलिरहेको वादी वृज किशोर यादव र प्रतिवादी स्व.गणेश राउत अहिरको मुद्दा सकार गर्ने निजको पत्नी तपाई संझरिया अहिरीन समेत भएको, स्व.गणेश राउत अहिरको नाउँमा दर्ता रहेको जिल्ला बारा गा.वि.स. बड्की फुलबरीया वडा नं. १क कि.नं. ४४६ को ज.वि. ०-२-९, ऐ. ऐ. कि.नं. ४४८ को ज. वि.०-०-६ र ऐ. ऐ. कि.नं. ४५० को ज. वि. ०-१०-० समेत जग्गाको बाँडफाँड मुद्दा मोही नामसारी मुद्दामा पुनरावेदनको म्याद दिएको कारणबाट तामेलीमा रहेकोले उक्त मोही नामसारी मुद्दा अन्तिम भई सकेकोले बाँडफाँड मुद्दा तामेलीबाट जगाई कार्यवाही गरी पाउँ भनि वादीको मिति २०८२/९/९ को निवेदन उपर कार्यवाही गर्नु पर्ने भएकोले तपाई ज.ध.पक्षको नाउँमा रितपुर्वकको म्याद जारी गरी पठाउँदा म्याद बुझ्न नमानेको र सम्बन्धित वडा कार्यालय समेतले म्याद टाँस गर्न इन्कार गरेको हुँदा निवेदकको माग बमोजिम भू.स.ऐन, २०२१ को दफा २६(घ) बमोजिम उक्त जग्गाको बाँडफाँड हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र प्रमाण साथ उपस्थित हुनुहोला । अन्यथा म्यादभित्र उजुरबाजुर नगरे कानून बमोजिम भईजाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईंको उजुर लाग्नेछैन्।


# बहुदरमाई नगरपालिकाद्वारा ४९ करोड ७० लाखभन्दा बढीको बजेट प्रस्तुत, कृषि-शिक्षा-स्वास्थ्यलाई प्राथमिकता

***हरिकिशोर शर्मा***
***पर्सा, १० असार***

पर्साको बहुदरमाई नगरपालिका ले आर्थिक वर्ष २०८३/०८४ का लागि ४९ करोड ७० लाख ७५ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ। नगरपालिकाको १५औं गाउँसभा अन्तर्गत बुधबार आयोजित कार्यक्रममा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तथा अनुमानित आय-व्यय विवरण प्रस्तुत गरिएको हो। नगरपालिका उपाध्यक्ष सुष्माकुमारी कुशवाहा को निर्देशनमा प्रमुख प्रशासकीय अधिकृत रमेश अधिकारी ले बजेट प्रस्तुत गरेका थिए ।




नगरपालिका अध्यक्ष सिघासन साह तेली ले आगामी वर्षका लागि कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, युवा रोजगारी तथा भौतिक पूर्वाधार विकासलाई प्रमुख प्राथमिकतामा राखेर नीति तथा कार्यक्रम तयार गरिएको जानकारी दिए। उनले स्थानीय आवश्यकतालाई केन्द्रमा राख्दै समग्र विकास, सुशासन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्यसहित बजेट ल्याइएको बताए । "स्थानीय नागरिकको जीवनस्तर उकास्ने, उत्पादन वृद्धि गर्ने र पूर्वाधार विस्तारलाई तीव्रता दिने उद्देश्यका साथ योजना निर्माण गरिएको छ," अध्यक्ष साहले बताए ।

अध्यक्ष साहकै अध्यक्षतामा सम्पन्न गाउँसभामा उपाध्यक्ष सुष्मा कुमारी कुशवाहा, प्रमुख प्रशासकीय अधिकृत रमेश अधिकारी, पूर्व गाविस अध्यक्ष नसुरल्लाह मियाँ, वडा नं. १ देखि ९ सम्मका वडा अध्यक्षहरू, कार्यपालिका सदस्य बियय यादव लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। त्यसैगरी स्थानीय राजनीतिक दलका प्रतिनिधि, बुद्धिजीवी, शिक्षक, स्वास्थ्यकर्मी, पत्रकार, सुरक्षाकर्मी तथा नगरपालिका कर्मचारीहरूको समेत उल्लेखनीय सहभागिता रहेको थियो। कार्यक्रम सञ्चालन जिन्सी शाखा प्रमुख रामबाबू पटेल ले गरेका थिए। नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेटले नगर क्षेत्रको आर्थिक, सामाजिक तथा पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने सहभागीहरूले विश्वास व्यक्त गरेका छन् ।


**समाजिक सञ्जालको दुरुपयोग नगरौं ।**


# पोखरीया नगरपालिकाको ११ औं नगरसभामा ४८ करोड ५१ लाखको बजेट प्रस्तुत, उपप्रमुख सहित केहि जनप्रतिनिधि अनुपस्थित

***पर्सा, १० असार***

पर्साको पोखरिया नगरपालिका ले आर्थिक वर्ष २०८३/०८४ का लागि ४८ करोड ५१ लाख ८० हजार रुपैयाँ बराबरको नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ।

नगरपालिकाको एघारौं नगरसभामा नगर प्रमुख प्रद्युम्न प्रसाद चौहान को निर्देशनअनुसार प्रमुख प्रशासकीय अधिकृतले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेका हुन् । नगरसभामा उपप्रमुख रुबी कुमारी ठाकुर अनुपस्थित रहेकी थिइन् । साथै केही वडाध्यक्ष, कार्यपालिका सदस्य तथा वडा सदस्यहरूको समेत उपस्थिति नरहेको स्रोतले जनाएको छ। स्थानीय तहको महत्वपूर्ण सभा मानिने नगरसभामा जनप्रतिनिधिहरूको अनुपस्थितिले स्थानीय स्तरमा विभिन्न चर्चा समेत उत्पन्न गरेको छ । प्रस्तुत बजेटमा संघीय सरकारबाट प्राप्त हुने समानीकरण, सशर्त, समपूरक तथा विशेष अनुदान, प्रदेश सरकारको अनुदान तथा नगरपालिकाको आन्तरिक आयलाई मुख्य स्रोतका रूपमा समेटिएको छ। नगरपालिकाले उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गर्दै विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने लक्ष्य लिएको जनाएको छ।




नगरपालिकाको नीति तथा कार्यक्रममा सडक पूर्वाधार निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, डिजिटल सेवा प्रवाह तथा सुशासनलाई प्राथमिकतामा राखिएको छ । नगर क्षेत्रको सौन्दर्यीकरण, पार्क तथा हरियाली प्रवर्द्धन, सार्वजनिक सेवा प्रभावकारी बनाउने तथा नगरभित्रका सडक र भौतिक संरचनाको गुणस्तर अभिवृद्धि गर्ने योजनासमेत अघि सारिएको छ। त्यसैगरी नगरपालिकाले बेरुजु न्यूनीकरण, राजस्व संकलन वृद्धि, पारदर्शी प्रशासन, सूचना प्रविधिको प्रयोग विस्तार तथा सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने नीति अवलम्बन गर्ने जनाएको छ। स्वास्थ्य सेवा विस्तार, कृषि उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा सामाजिक सुरक्षा कार्यक्रमलाई समेत निरन्तरता दिइने उल्लेख गरिएको छ ।

प्रमुख प्रशासकीय अधिकृतले प्रस्तुत गरेको नीति, कार्यक्रम तथा बजेटले नगरको आर्थिक, सामाजिक तथा भौतिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गर्दै योजनाबद्ध र उत्तरदायी ढंगले कार्यान्वयन गरिने बताए ।

नगरपालिकाले आगामी आर्थिक वर्षलाई सेवा प्रवाह सुधार, विकास निर्माणको गति वृद्धि तथा सुशासन प्रवर्द्धनको वर्षका रूपमा अघि बढाउने लक्ष्य लिएको जनाएको छ।


## जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौ ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौ ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौ ।
- बालश्रमको प्रयोग नगरौ नगराऔ ।
- जेष्ठ नागरिकको सम्मान गरौ ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौ ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौ ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौ ।
- जथाभावी फोहोर नगरौ ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौ ।

परवानीपुर गाउँपालिका, परवानीपुर, बारा



**विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् ।**
**सम्पर्क नम्बर : ९८४५२२६३०५**



तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फतुवा बिजयपुर नगरपालिका, रौतहट

# वीरगंज व्यापारिक मार्ग विस्तारका लागि संघीय सरकारको १ अर्बभन्दा बढी बजेट

*वीरगंज, १० असार*

वीरगंजको मुख्य व्यापारिक मार्ग विस्तारका लागि संघीय सरकारले १ अर्ब २ करोड २५ लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । गण्डक चोकदेखि मितेरी पुलसम्मको सडक विस्तार कार्यका लागि उक्त बजेट छुट्याइएको हो ।

सडक डिभिजन कार्यालय हेटौंडाका प्रमुख इन्जिनियर किरण कार्कीका अनुसार आयोजनाको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको छ । उनका अनुसार संघीय सरकारबाट बजेट सुनिश्चित भइसकेको र बहुवर्षीय योजनाअन्तर्गत आगामी साउनभित्र ठेक्का सम्झौता गर्ने लक्ष्य राखिएको छ ।

आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत औद्योगिक करिडोर विस्तार योजनाअन्तर्गत उक्त रकम विनियोजन गरिएको हो । सडक विस्तारका लागि आवश्यक विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) समेत तयार भइसकेको कार्यालयले जनाएको छ । सडक विस्तारलाई प्रभावकारी बनाउन सडक डिभिजन कार्यालयले त्रिभुवन राजपथअन्तर्गत मितेरी पुलदेखि गण्डक चोकसम्म सडकको केन्द्ररेखाबाट दायाँ-बायाँ २५/२५ मिटर क्षेत्र खाली गराउने प्रक्रिया अघि बढाएको थियो। गत वैशाख ६ गतेदेखि



सडक किनारका संरचना हटाउन सुरु गरिएको थियो। त्यसअघि कार्यालयले सूचना जारी गर्दै सम्बन्धित पक्षलाई स्वेच्छाले संरचना हटाउन आग्रह गरेको थियो ।

यद्यपि सडक सीमाभित्र अझै केही संरचना बाँकी रहेपछि कार्यालयले असार २ गते पुन: सूचना जारी गर्दै पाँच दिनभित्र संरचना हटाउन निर्देशन दिएको थियो । साथै जोखिमयुक्त अवस्थामा रहेका भवनमा बसोबास तथा व्यापार सञ्चालन नगर्न पनि आग्रह गरिएको थियो ।

यसैबीच, वीरगंज युवा तथा व्यापारी सडक पीडित संघर्ष समितिले संरचना हटाउन थप ३५ दिन समय दिन माग गरेको छ। पर्सा निर्वाचन क्षेत्र नं. १ का सांसद हरि पन्तको सचिवालयबाट समेत १५ दिन थप समय उपलब्ध गराउन आग्रह गरिएको पत्र सडक डिभिजन कार्यालयमा पुगेको जनाएको छ ।

स्थानीय व्यापारी तथा सरोकारवालाको आग्रहलाई ध्यानमा राख्दै हालका लागि संरचना हटाउने कार्य स्थगित गरिएको इन्जिनियर कार्कीले बताए । उनका अनुसार अब थप ३५ दिनपछि आवश्यक निर्णय गरिनेछ ।

सडक विस्तार सम्पन्न भएपछि वीरगंजको मुख्य व्यापारिक क्षेत्रमा ट्राफिक व्यवस्थापन सहज हुने, सवारी जाम घट्ने तथा सीमावर्ती व्यापारिक गतिविधि थप व्यवस्थित बन्ने अपेक्षा गरिएको छ । स्थानीय व्यवसायीले समेत योजनाले दीर्घकालीन रूपमा व्यापार प्रवर्द्धन र शहरी व्यवस्थापनमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।

# देवताल गाउँपालिकाको १६ औं गाउँसभा सम्पन्न, ३९ करोड ७० लाखभन्दा बढीको बजेट प्रस्तुत

*शु.आ. सम्बाददाता*
*बारा, १० असार*

बाराको देवताल गाउँपालिकाको १६औं गाउँसभा भव्य रूपमा सम्पन्न भएको छ। गाउँपालिका अध्यक्ष उदय प्रसाद यादवको अध्यक्षतामा तथा गाउँपालिका उपाध्यक्ष सितापति देवी यादवको सहकार्यमा सम्पन्न गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरिएको हो । गाउँपालिका अध्यक्ष यादवले नै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा अनुमानित आय-व्यय विवरण प्रस्तुत गर्दै कुल ३९ करोड ७० लाख ३१ हजार रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेका थिए । प्रस्तुत बजेटमा कृषि, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिंचाइ, सामाजिक सुरक्षा तथा पूर्वाधार विकासलाई मुख्य प्राथमिकतामा राखिएको गाउँपालिकाले जनाएको छ ।




गाउँसभामा गाउँपालिकाको प्रशासनिक व्यवस्थापन, सेवा प्रवाह तथा विकास योजनाको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्द रायको विशेष प्रशंसा गरिएको थियो। गाउँपालिका अध्यक्ष यादवसहित विभिन्न जनप्रतिनिधिहरुले रायले सीमित स्रोत-साधनका बाबजुद प्रशासनलाई व्यवस्थित, पारदर्शी र जनउत्तरदायी बनाउन उल्लेखनीय योगदान पुऱ्याएको बताएका थिए। वक्ताहरूले प्रमुख प्रशासकीय अधिकृत रायले जनप्रतिनिधि र कर्मचारीबीच समन्वय कायम गर्दै विकास निर्माणका कामलाई प्रभावकारी रूपमा अघि बढाएको उल्लेख गरे । आर्थिक अनुशासन कायम गर्ने, योजनाको कार्यान्वयनलाई तीव्रता दिने तथा सेवाग्राहीलाई सहज र छिटो सेवा उपलब्ध गराउने कार्यमा उनको भूमिका प्रशंसनीय रहेको धारणा व्यक्त गरिएको थियो ।

गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि कृषिको आधुनिकीकरण, सिंचाइ विस्तार, विद्यालयको शैक्षिक गुणस्तर सुधार, स्वास्थ्य संस्थाको सुदृढीकरण, ग्रामीण सडक स्तरोन्नति तथा खानेपानी व्यवस्थापनलाई प्राथमिकतामा राखेको जनाएको छ। त्यस्तै महिला, दलित, विपन्न तथा पिछडिएका समुदायको उत्थानका लागि लक्षित कार्यक्रमसमेत समावेश गरिएको छ ।

कार्यक्रममा सम्पूर्ण वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू, गाउँपालिकाका कर्मचारीहरू, सुरक्षाकर्मी, स्थानीय बुद्धिजीवी, समाजसेवी तथा भद्रभलाद्मीहरूको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत कृष्णनन्द रायले स्वागत मन्तव्य व्यक्त गर्दै गाउँपालिकाको समग्र विकासका लागि सबै पक्षबीच सहकार्य आवश्यक रहेको बताए । उनले सुशासन, पारदर्शिता र उत्तरदायी प्रशासनमार्फत जनताको अपेक्षाअनुसार सेवा प्रवाहलाई अझ प्रभावकारी बनाइने प्रतिबद्धता व्यक्त गरेका थिए। स्थानीय तहको विकासमा जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज र स्थानीयवासीबीचको सहकार्य नै सफलताको आधार हुने उनको भनाइ थियो ।

गाउँसभा समापन गर्दै गाउँपालिका अध्यक्ष उदय प्रसाद यादवले आगामी आर्थिक वर्षमा विकास निर्माणका कामलाई थप गति दिइने तथा जनताको आवश्यकता र अपेक्षालाई केन्द्रमा राखेर काम गरिने बताए । उनले समृद्ध र आत्मनिर्भर देवताल निर्माणका लागि सबै पक्षको साथ, सहयोग र सुझाव आवश्यक रहेको धारणा व्यक्त गरे ।

# परोहा नगरपालिकाको १०औँ नगरसभा सम्पन्न, ४९ करोड ६८ लाख बढीको बजेट प्रस्तुत

*रौतहट, १० असार*

देशभरका स्थानीय तहहरूमा नगरसभा तथा गाउँसभा सञ्चालन भइरहेका बेला रौतहटको परोहा नगरपालिका ले आफ्नो १०औँ नगरसभा भव्य रूपमा सम्पन्न गर्दै आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ४९ करोड ६८ लाख ९७ हजार ४ सय ४४ रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ ।

नगरपालिकाको नवनिर्मित प्रशासकीय भवनमा बुधबार आयोजित नगरसभामा नगर प्रमुख शेख वकिल ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमसहित बजेट प्रस्तुत गरेका हुन्। प्रस्तुत बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सरसफाइ, सडक तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखिएको जनाइएको छ ।




नगरसभालाई सम्बोधन गर्दै नगर प्रमुख वकिलले नगरको समग्र विकास, सुशासन तथा जनमुखी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने उद्देश्यसहित बजेट ल्याइएको बताए। उनले अधुरा तथा अपूरा रहेका विकास योजनालाई आगामी आर्थिक वर्षमा पूर्णता दिइने प्रतिबद्धता व्यक्त गरे ।

"एक समय जिल्लाकै पछाडि परेको स्थानीय तहका रूपमा चिनिएको परोहा नगरपालिका अहिले विकास र सेवा प्रवाहका क्षेत्रमा उल्लेखनीय प्रगति गर्न सफल भएको छ," नगर प्रमुख वकिलले भने, "नगरको वर्तमान स्वरूप परिवर्तन हुनुमा नगरवासी, कर्मचारी प्रशासन तथा जनप्रतिनिधिहरूको महत्वपूर्ण योगदान रहेको छ।"

कार्यक्रमको प्रारम्भमा नगरपालिकाका इन्जिनियर दिपेन्द्र यादव ले स्वागत मन्तव्य व्यक्त गरेका थिए । नगरसभामा प्रस्तुत नीति, कार्यक्रम तथा बजेटमाथि विस्तृत छलफल गरी सर्वसम्मत रूपमा पारित गरिएको जनाइएको छ ।

नगरसभामा उपप्रमुख सुगान्धी देवी, प्रमुख प्रशासकीय अधिकृत, वडा नं. १ देखि ९ सम्मका वडा अध्यक्षहरू, कार्यपालिका सदस्य, नगरसभा सदस्य, कर्मचारी, सञ्चारकर्मी, बुद्धिजीवी, समाजसेवी तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । सहभागीहरूले नगरपालिकाले प्रस्तुत गरेको बजेट तथा कार्यक्रमले नगरको आर्थिक समृद्धि, पूर्वाधार विकास तथा नागरिकको जीवनस्तर सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गरेका थिए। साथै नगरको दिगो विकास, पारदर्शिता तथा उत्तरदायित्वलाई थप सुदृढ बनाउने साझा प्रतिबद्धता समेत व्यक्त गरिएको थियो ।

नगरपालिकाले प्रस्तुत गरेको बजेटले अधुरा विकास आयोजना सम्पन्न गर्नुका साथै नागरिकलाई गुणस्तरीय सेवा प्रवाह गर्ने लक्ष्य लिएको जनाएको छ। सौहार्दपूर्ण तथा भव्य वातावरणमा सम्पन्न १०औँ नगरसभालाई परोहा नगरपालिकाको विकास यात्रामा महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

# महागढीमाई नगरपालिकाको १० औं नगरसभा सम्पन्न, ७२ करोड ८८ लाखको बजेट सार्वजनिक

*शु.आ. सम्बाददाता*
*कलैया, १० असार*

बाराको महागढीमाई नगरपालिका ले आर्थिक वर्ष २०८३/०८४ का लागि ७२ करोड ८८ लाख रुपैयाँ बराबरको नीति, कार्यक्रम तथा बजेट सार्वजनिक गरेको छ । नगरपालिकाको १०औं नगरसभाबाट प्रस्तुत बजेटमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, पूर्वाधार, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई विशेष प्राथमिकता दिइएको छ ।




नगरसभामा नगर प्रमुख उपेन्द्र प्रसाद यादव ले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्दै "समृद्ध, व्यवस्थित र वातावरणमैत्री महागढीमाई निर्माण" को दीर्घकालीन लक्ष्यसहित बजेट ल्याइएको बताउनुभयो । उहाँले विश्वप्रसिद्ध गढीमाई मन्दिर क्षेत्रको धार्मिक पर्यटन प्रवर्द्धन, स्थानीय उत्पादनको बजारीकरण तथा नगरवासीको आधारभूत सेवामा पहुँच विस्तारलाई प्राथमिकतामा राखिएको जानकारी दिनुभयो ।

नगरपालिकाले कृषि क्षेत्रलाई आत्मनिर्भर र व्यावसायिक बनाउन किसान लक्षित विभिन्न कार्यक्रम अघि सारेको छ । बजेटमा ५० प्रतिशत अनुदानमा मलखाद वितरण, नयाँ कृषि सडक निर्माण, सिँचाइ सुविधा विस्तार, आधुनिक खेती प्रविधिको प्रयोग तथा कृषकलाई प्रोत्साहन गर्ने योजनाहरू समेटिएका छन् । कृषिलाई नगरको आर्थिक मेरुदण्डको रूपमा विकास गर्ने उद्देश्यले उत्पादन वृद्धि र रोजगारी सिर्जनामा जोड दिइएको नगरपालिकाले जनाएको छ।

शिक्षा क्षेत्रतर्फ नगरपालिकाले प्राविधिक शिक्षालाई प्राथमिकतामा राख्दै विद्यालयहरूमा अंग्रेजी माध्यमबाट पठनपाठन विस्तार गर्ने योजना अघि सारेको छ । विषयगत शिक्षक व्यवस्थापन, विद्यार्थी प्रोत्साहन कार्यक्रम, विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधारका कार्यक्रमलाई समेत बजेटमा समावेश गरिएको छ । नगर प्रमुख यादवले गुणस्तरीय शिक्षा बिना समृद्ध समाज निर्माण सम्भव नभएको उल्लेख गर्दै शिक्षा क्षेत्रमा दीर्घकालीन लगानी गरिने बताउनुभयो । स्वास्थ्य क्षेत्रतर्फ नगरपालिकाले २४ घण्टा नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गर्ने, न्यून शुल्कमा ल्याब सेवा उपलब्ध गराउने, अल्ट्रासाउन्ड तथा डायलासिस सेवा विस्तार गर्ने नीति लिएको छ। साथै नगर अस्पतालको भवन निर्माण, विशेषज्ञ चिकित्सकको व्यवस्थापन तथा ग्रामीण बस्तीमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्ने कार्यक्रम समेत बजेटमा समेटिएको छ ।

नगरपालिकाले धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणलाई पनि प्राथमिकतामा राखेको छ। मठमन्दिर, पाटीपौवा, ऐतिहासिक संरचनाको मर्मत सम्भार तथा संरक्षणका कार्यक्रम सञ्चालन गरिने जनाइएको छ । गढीमाई क्षेत्रलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यको रूपमा विकास गर्न पूर्वाधार निर्माण, सरसफाइ तथा सौन्दर्यीकरणका योजना अघि सारिएको छ । त्यसैगरी वातावरणमैत्री नगर निर्माणका लागि वृक्षरोपण, फोहोर व्यवस्थापन, सरसफाइ अभियान तथा हरित क्षेत्र विस्तारका कार्यक्रम सञ्चालन गरिने नगरपालिकाले जनाएको छ। अधुरा विकास निर्माणका आयोजनालाई तीव्र गतिमा सम्पन्न गर्ने तथा नगरभित्रका सडक, खानेपानी र अन्य पूर्वाधारलाई व्यवस्थित बनाउने नीति समेत नगरसभाबाट पारित गरिएको छ ।

नगरसभामा जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी, नागरिक समाज, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो। सहभागीहरूले नगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई विकासमुखी र जनमुखी बजेटको रूपमा टिप्पणी गरेका छन् ।

**सिम्रौनगढ नगरपालिकाद्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

सिम्रौनगढ नगरपालिकाको कार्यालय, सिम्रौनगढ, बारा

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - फेटा गाउँपालिका, बारा